# बाहिङ किरात मुलुखिम २०७६/०७७ बार्षिक प्रगति प्रतिवेदन

१. देउसी भैलो कार्यक्रम सम्पन्न ।

मिति २०७६ कार्तिक १० गते आईतवार लक्ष्मी पूजाको दिन विहान १० बजे देखि ३ बजेसम्म ए वन पार्टि प्यालेस चावहिलमा बाहिङ किरात मुलुखिमको साँस्कृतिक विभागका संयोजक बल बहादुर बाहिङज्यूको संयोजकत्वमा मुलुखिमका अध्यक्ष भूपाराज बाहिङज्यूको प्रमुख आतिथ्यमा भव्य देउसी भैलो कार्यक्रम सु-सम्पन्न गरियो । कार्यक्रम उद्घोष अनुशा बाहिङ र बल बहादुर बाहिङले गर्नु भएको थियो भने भट्टाउनेमा संरक्षक भूपाल बाहिङ र बल बहादुर बाहिङ रहनु भएको थियो । देउसी व्यवस्थापन तर्फ कोषाध्यक्ष कृष्ण बाहिङ, सदस्यहरु खड्गकुमारी बाहिङ, धन कुमारी बाहिङ, चुम बहादुर बाहिङ, मनराज बाहिङ लगायत विद्यार्थी भाई बहिनीहरुको सहयोग रहेको थियो । कार्यक्रममा जिमी संस्थाबाट संस्थागत रुपमा उपस्थिती रहेको थियो ।

२. जनगणना २०७८ अभियान प्रशिक्षण सम्पन्न ।

मिति २०७७ फाल्गुन २ गते सुक्रवारका दिन बाहिङ किरात मुलुखिमले जनगणना २०७८ सम्बन्धी एक दिने गोष्ठी आगामी बर्ष २०७८ मा नेपाल सरकारबाट हुने जनगणनामा किरात बाहिङहरुको भाषा र जातिको रुपमा सत्य तथ्य गणना ल्याउने उदेश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । गोष्ठीमा संस्थाका अध्यक्षबाट जनगणनाको महत्व र संस्थाले तयार पारेको फारममा भर्ने विधि सहभागिलाई प्रशिक्षण दिनु भयो । गोष्ठीमा नेपाल सरकारका पूर्व उप-सचिव तथा अध्यक्ष भूपराज बाहिङज्यूबाट जनगणनाको महत्व र फारम भर्दा भाषा संस्कृतिलाई प्रश्ट रुपमा उल्लेख गर्ने गरि सहभागिहरुलाई अनुरोध गरिएको थियो । कार्यक्रममा जिल्लाबाट आउनु भएका कार्यसमितिलाई फारम सहित जिल्लामा रहेका बाहिङ वस्तीहरुमा जनगणना हुनु पूर्व संस्थागत जनगणना लिने निर्देश भएको छ ।

कार्यक्रममा ओखलढुंगा जिल्ला मोलुङ गा.पा, प्रमुख मनिराज बाहिङज्यूको प्रमुख आतिथ्यमा, विशिष्ट आतिथी चिशंखुगढि गा.पा उप-प्रमुख सुष्मा बाहिङ, अतिथीहरु, काजिमान बाहिङ(चिशंखुगढि गा.पा कार्यपालिका सदस्य तथा मुलुखिम पूर्व केन्द्रिय सदस्य), संरक्षक डिल्लीरामा बाहिङ, जय कुमार बाहिङ, टंक बाहिङ(बा.कि.मु ओखलढुंगा सह-सचिव तथा वडा नं ४ सदस्य मानेभञ्ज्याङ गा.पा), बिक्रमजित बाहिङ अध्यक्ष बा.कि.मु ईलाम, रामेश्वर दिलिङ्बाचा बाहिङ अध्यक्ष बा.कि.मु सुनसरी, लक्ष्मण बाहिङ सचिव बा.कि.मु झापा, गोपिन्द्र बाहिङ अध्यक्ष बाहिङ किरात मुलुखिम दयाल कार्यसमिति फाकु रातमाटे रहनु भएको थियो । यस कार्यक्रममा सभाध्यक्ष नेपाल सरकारका पूर्व उप-सचिव तथा बाहिङ किरात मुलुखिमका अध्यक्ष रहनु भएको थियो ।

३. बाहिङ भाषाको कक्षा १ को बाहिङके सिंङ्क विमोचन ।

मिति २०७६ फाल्गुन ३ गते सनिवार बाहिङ किरात मुलुखिमका अध्यक्ष भूपराज बाहिङज्यूको सभाध्यक्षमा, मा. श्री यज्ञराज सुनुवारज्यूको प्रमुख आतित्थ्यमा, विशिष्ट अतिथी मोलुङ गा.पा प्रमुख मनिराज बाहिङ,

विशेष अतिथी, चिशंखुगढि गा.पा उप-प्रमुख सुष्मा बाहिङ, सोहि गा.पा कार्यपालिका सदस्य काजिमान बाहिङ, संरक्षक कालुधन बाहिङ, दिलिप बाहिङ, पूर्व उपाध्यक्ष प्रेम बाहिङ, महासचिव जयकुमार बाहिङ, टंक बाहिङ(बा.कि.मु ओखलढुंगा सह-सचिव तथा वडा नं ४ सदस्य मानेभञ्ज्याङ गा.पा), बिक्रमजित बाहिङ अध्यक्ष बा.कि.मु ईलाम, रामेश्वर दिलिङ्बाचा बाहिङ अध्यक्ष बा.कि.मु सुनसरी, लक्ष्मण बाहिङ सचिव बा.कि.मु झापा, गोपिन्द्र बाहिङ अध्यक्ष बाहिङ किरात मुलुखिम दयाल कार्यसमिति फाकु रातमाटे रहनु भएको थियो । यस कार्यक्रममा ब्रुनाई प्रतिनिधी मिलन कुमार बाहिङ, बाहिङ किरात विद्यार्थी संगठनका अध्यक्ष देव तोनिमी रहनु भएको थियो ।

कार्यक्रमको प्रथम चरणमा पहिचानका आधार र संस्थागत विषय बारे प्रस्तुत गर्दै उपत्यका लागि सामुहिक सारिखिम योजना महासचिव धिरेन सुस्तोचा बाहिङबाट स्लाईडबाट प्रस्तुत गरिएको थियो । त्यस पश्चात प्रमुख अतिथी मा.श्री यज्ञराज सुनुवारज्यूबाट सामुहिक रुपमा बाहिङ मातृभाषाको कक्षा १ को पुस्तक विमोचन गरिएको थियो । कार्यक्रमा बिमोचन गर्दै, मातृभाषा संरक्षणमा संस्थाले गरेका ऐतिहासिक कदम रहेकोले बाहिङ समुदाय बसोबास रहेको विद्यालयहरुमा लागु गर्न सुझाउनु भयो । मातृभाषा विकासमा स्थानिय सरकारको अहम भूमिका हुने हुदा यसलाई स्थानिय स्तरमा समन्वय गरि मातृभाषा कक्षा संचालन गर्नु पर्ने जोड दिदै मोलुङ गा.पा प्रमुख भन्नु भयो । म आफै यस समुदायको प्रतिनिधीत्व गर्ने हुदा आफुले आफ्नो क्षेत्रमा गर्नु पर्ने भूमिका निभाउने प्रतिवद्धता जनाउनु भयो । चिशंखुगढि गा.पा का उप-प्रमुखज्यूले म बाहिङ समुदाय रहेको हुनाले मुलुखिमले चालेका अभियानमा आफ्नो तर्फबाट गर्नु पर्ने दायित्व पुरा गर्ने कुरा व्यक्त गर्नु भयो ।

४. कक्षा १ का लागि पाठ्यपुस्तक विद्यालयमा लागु गर्नका लागि पहल ।

बाहिङ किरात मुलुखिम केन्द्रीय महासचिव धिरेन सुस्तोचा बाहिङको सकृयतामा मानेभञ्ज्यङ गा.पा वाडा नं ४ पंखुमा बाहिङ वस्ति भएकोले त्यहा रहेको पंखु प्रं.वि,मिति २०७७ बैशाष २९ मा सि.न.पा ३ अधेरीमा बाल विकास आधारभूत विद्यालयामा, मिति २०७७ बैशाष १७ मा श्री कालिका मा. वि. मोली १ मा र ओखलढुंगा चिशंखुगढि गा.पा ४ फाकुमा कार्यपालीका सदस्य तथा मुलुखिम केन्द्रीय पूर्व सदस्य काजिमान बाहिङज्यूको पहलमा बाहिङ भाषा कक्षा संचालन गर्ने प्रकृयाका लागि निर्णय गराई कार्य अगाडी बढाउने कार्य अगाडी बढाईएको छ ।

५. भाषा आयोग प्रदेश स्तरिय कार्यक्रममा सहभागिता ।

नेपाल सरकार अर्न्तगत भाषा आयोगले मिति २०७६ फाल्गुन ११ गते आयोजितं प्रदेशस्तरिय राष्ट्रिय भाषा बाहेक सरकारी कामकाजको भाषामा कुन भाषा प्रयोग गर्ने विषंयमा वृहत छलफल तथा राय संकलनमा बाहिङ किरात मुलुखिम संस्थाको तर्फबाट केन्द्रीय सदस्य मान वहादुर बाहिङ र महासचिव धिरेन सुस्तोचा बाहिङ संस्थागत खोटाङ जिल्लाको तिक्तेलमा भएको कार्यक्रममा सहभागि भई किरात बाहिङ बस्ती भएको ओखलढुंगा जिल्लाको मोलुङ गा.पा, मानेभञ्ज्यङ्ग गा.पा, सि.न.पा का सबै वडाहरु, चिशंखुगढी गा.पा, र सोलुखुम्बु जिल्लाको नेचासल्यान गा.पा मा स्थानिय स्तरमा सरकार स्थानिय सरकारी भाषाको रुपमा बाहिङ भाषा प्रयोगमा ल्याईनु पर्ने शुझाव दिएको थियो ।

६. कार्यक्रममा सहभागिता सम्वन्धमा ।

मिति २०७६ भदौ २८ गते सुक्रबार, बाहिङ किरात मुलुखिम दक्षिण कोरीय शाखाले आयोजना गरेको सालनाल कार्यक्रममा तेस्रो सभामा संस्थाको तर्फबाट महासचिव धिरेन सुस्तोचा बाहिङ र अध्यक्ष भूपराज बाहिङ उक्त कार्यक्रममा सहभागिका लागि निम्तो भए अनुसार दक्षिण कोरियामा सहभागिता हुन प्रस्थान भयो । कार्यक्रमा सोलुसमाजका अध्यक्ष बिसन राई, आदिवासी जनजाति महासंघका कोरिया प्रतिनिधीको सहभागिता रहेको थियो । कार्यक्रममा शाखाको तर्फबाट स्वगत मन्तव्य दिनु हुदै, पेशाले गर्दा कोरीयमा रहको बाहिङ समुदायहरुको सामाजिक हितमा संस्था आवश्यकता भएको कुरा बताउनु हुदै, आफुले गर्ने योगदानमा सकरात्मक रहेको कुरा जनाउनु भयो । सोलुखुम्बु कोरिया समाजका अध्यक्षबाट शुभकामना मन्तव्यको क्रममा बाहिङ समुदायको हितमा शुभकामना व्यक्त गर्नु हुदै मुलुखिमको अभियान सफल रहोस भन्नु भयो । भने तामाङ घेदुङका कोरिया समितिका सदस्य दावा तामाङले कार्यक्रम भव्यताका साथ सफल रहोस भनि कामना गर्नु भयो । अतिथीको रुपमा रहनु भएका विजय बाहिङज्यूले संस्थाले गरेको अभियानमा सहयोग गर्न आफु तत्पर रहेको कुरा व्यक्त गर्नु भयो । कार्यक्रममा मुलुखिम केन्द्रको तर्फबाट सामुहिक सारिखिम भवन निर्माण परियोजनाका लागि योजना स्लाईड मार्फत प्रस्तुत गर्दै, सहभागिबाट सकरात्मक सहयोगको लागि अनुरोध गर्नु भयो । भने केन्द्रीय अध्यक्ष भूपराज बाहिङज्यूबाट उक्त कार्यक्रमभार्फ सबैलाई अभारी व्यक्त गर्नु हुदै, कोरिया समितिले मुलुखिका हरेक कार्यक्रमहरुमा सहयोग गर्दै आएकोमा प्रशंसा गर्दै, केन्द्रको लागि शाखा कोरिया बलियो आधार भएको र मुलुखिमले अघि सारेको अभियानमा सबैबाट साथ दिन अनुरोध गर्नु भयो । सभाध्यक्ष नेश बाहिङज्यूले कार्यक्रममा सहभागिहरुलाई धन्यबाद दिनु हुदै मुलुखिमले प्रारम्भ गरेको अभियानमा सबैले ऐक्यवद्धता जनाउन सहभागिलाई अनुरोध गर्नु भयो । सभामा सहभागिहरुबाट सहयोग प्रतिवद्धता गर्नु भएको थियो । सभाले २१ सदस्यीय नयाँ कार्यसमिति सुकु बाहिङज्यूको अध्यक्षतामा निर्वाचित हुनु भएको थियो ।

महासचिव

आनिमोखोला(धन्याबाद)

बाहिङ किरात मुलुखिम, काठमाण्डौं नेपाल
वेब : www.bahingkm.org.np
Email:bahingkiratmulukhim@gmail.com; bahingkiratmulukhim@yahoo.com